स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गीतकार हरिभक्त बुढाथोकीको नयाँ गीत 'डार्लिङ' सार्वजनिक भएको छ। टेक बिसी र मिना पोखेलको स्वर, भीम बिसीको संगीत, केशव बडुको एरेन्ज गीतमा छ। विक्रम चौहानको निर्देशन एवम् कोरियोग्राफी रहेको गीतको भिडियोमा पल शाह र इशा परियारको अभिनय छ। पवन शुसलिङ र टिमले छायांकन गरेको गीतको भिडियोमा मिलन विश्वकर्माको दृश्य सम्पादन एवम् कलरिङ छ।

**आजको विचार...**



विद्या...
(दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे



माघ १६ गते रिलिज हुने चलचित्र 'एक्टर: टेक वन' अब नेपालसँगै विश्वका अन्य विभिन्न मुलुकमा रहेका नेपाली दर्शकमाझ रिलिज हुने भएको छ। चलचित्रको अमेरिकाको रिलिज अधिकार लिभेन्ड्स स्टुडियो र प्रोजेक्ट ऊर्जा, क्यानडाको अधिकार अस्त्र इभेन्ट्सले लिएको छ। राजन भुसालद्वारा निर्देशित यस चलचित्रमा प्रदिप खड्का, आना शर्मा, दिव्या रायमाझी, राजबल्लभ कोइराला, दिव्य देव, सृजना अधिकारी, उषा रजक, सुशील सिटौलालगायतका कलाकारहरूको अभिनय छ।

❒ वर्ष ३० ❒ अंक १८४ ❒ २०८१ माघ १४ गते सोमबार 27 January 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा १० हजार किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध खोप लगाइँदै

रामचन्द्र रायमाझी

**पाल्पा,** माघ १३/जिल्लामा १० हजार बढी किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एच.भि.पि ) खोप लगाइने भएको छ । स्वास्थ्य कार्यालय पाल्पाका अनुसार जिल्लाका दश स्थानीय तहमा रहेका २ सय ४ वटा सामुदायिक र ३१ वटा संस्थागत विद्यालयका १० हजार ४ सय ५८ जना किशोरीलाई खोप लगाइने भएको हो ।

कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गर्ने र विद्यालय नजाने १० वर्षदेखि १४ वर्षसम्मका किशोरीहरुलाई दुई चरणमा गरेर निःशुल्क एच.भि.पि. खोप दिन लागिएको स्वास्थ्य कार्यालयले तानसेनमा जिल्लास्तरीय खोप समन्वय समिति बैठक तथा सञ्चारकर्मी अभिमुखीकरण कार्यक्रमको आयोजना गरी जानकारी गराएको छ । पहिलो चरणमा यही माघ २२ गतेदेखि २६ गतेसम्म र दोस्रो चरणमा माघ २८ देखि फागुन ४ गतेसम्म अभियान सञ्चालन गरिने स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुक प्रसाद पोखरेलले बताए ।

उनका अनुसार पहिलो चरणमा रम्भा, माथागढी, पूर्वखोला, रामपुर र निस्दी गाउँपालिका र दोस्रो चरणमा रैनादेवी छहरा, रिब्दीकोट, बगनासकाली, तिनाउ गाउँपालिका र तानसेन नगरपालिकाका किशोरीहरुलाई खोप दिइने छ । जिल्लामा सबैभन्दा





धेरै तानसेन नगरपालिकामा २ हजार ३ सय ९० जनाले खोप लगाउँदैछन् । त्यस्तै १० पालिका मध्ये सबैभन्दा कम बगनासकाली गाउँपालिकामा ५ सय ४६ जनालाई खोप लगाईंदै छ । रिब्दीकोटमा ६ सय ५८, रैनादेवी छहरामा १ हजार ७८, तिनाउमा ७ सय ११, माथागढीमा ९ सय ६१, निस्दीमा ७ सय ८९, रामपुरमा १ हजार ९ सय ४३, पूर्वखोलामा ६ सय ९६, रम्भामा ६ सय १६ र विद्यालय बाहिरका ७० जनालाई खोप दिइने स्वास्थ्य कार्यालयका निमित्त प्रमुख पोखरेलले बताए । जिल्लाका २ सय ५ विद्यालयमा खोप केन्द्र र ७७ वटा स्वास्थ्य संस्थामा खोप केन्द्रमार्फत खोप दिइने स्वास्थ्य कार्यालयका फोकल पर्सन विश्वनाथ न्यौपानेले जानकारी दिए । उनले खोप प्रभावकारी भएकाले सबै किशोरीहरुलाई खोपको पहुँचमा ल्याउनुपर्ने बताए । पछिल्लो समय नेपालमा महिलाको पाठेघरको मुखको क्यान्सर प्रमुख स्वास्थ्य समस्याका रूपमा देखा परेकाले रोग नियन्त्रणका लागि अभियान फलदायी हुने अपेक्षा लिइएको न्यौपानेले बताए । चाईनामा बनेको सिकोलिन ब्राण्डको एचपिभी खोप महिलाको बायाँ पाखुराको मांसपेशीमा सुईमार्फत दिइने उनले जानकारी दिए । न्यौपानेले क्यान्सर भएका, एलर्जी हुने, अपरेसन गरेका, सिकिस्त बीरामी बाहेक अन्य व्यक्तिले खोप लगाउन मिल्ने बताए । कार्यक्रममा खोप समन्वय समितिका संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले महिलाहरूमा हुने पाठेघरको क्यान्सर जस्तो घातक रोगबाट भविष्यका कर्णधारको रूपमा रहेका बालिकाहरूलाई पूर्णरूपमा बचाउनको लागि सबैको महत्वपूर्ण भूमिका रहने भएकाले अभियानको प्रचार-प्रसार गरिदिन जिल्लाका पत्रकारहरुलाई आग्रह गरे । जिल्ला समन्वय समितिकी उपप्रमुख काशीका गैरेले क्यान्सर रोकथामतर्फ सबैले ध्यान दिन जरुरी रहेको उल्लेख गरिन् । प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदीले खोप अभियानलाई प्रभावकारी र सफल बनाउन सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने भएकाले सोही अनुरुप आ-आफ्ना सञ्चार माध्यमबाट खोप बारे सचेतना फैलाइदिन पत्रकारहरुलाई आग्रह गरे । पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले अभियान सफल बनाउन पाल्पाली पत्रकारहरुको पूर्ण सहयोग रहने बताए ।

**-बाँकी अन्तिम पेजमा...**

## संक्षिप्त समाचार

### १३ जुवाडे पक्राउ



**पाल्पा,** माघ १३/देशका विभिन्न ठाउँहरुमा जुवातास खेलिरहेको अवस्थामा १३ जना जुवाडे पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार दाङ र झापामा १३ जना जुवाडे पक्राउ परेका हुन् । दाङको तुल्सीपुर उपमहानगरपलिका-८ नयाँबस्ती बस्ने झुपराज घर्तीमगरको घरमा जुवातास खेलिरहेको अवस्थामा झुपराज समेत ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय तुल्सीपुरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ५३ हजार ९ सय ८० रूपैयाँ र ३ बुक तास सहित पक्राउ गरेको हो । यस्तै झापाको दमक नगरपालिका-१० सेतुमारीस्थित खेतमा रहेको गोठमा जुवा (कौडा) खेलिरहेको अवस्थामा सोही नगरपालिका-१० बस्ने ३८ वर्षीय बिकाश राई समेत ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनीहरूलाई नगद १ लाख ७६ हजार ४ सय ९० रूपैयाँ सहित पक्राउ गरेको हो ।

# छुट्टाछुट्टै घटनामा चार जनाको मृत्यु

**पाल्पा,** माघ १३/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा चार जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार म्याग्दी, सुर्खेत, काठमाडौं र जाजरकोटमा भएका छुट्टाछुट्टै घटनामा चार जनाको मृत्यु भएको हो ।

म्याग्दीको बेनी नगरपालिका-६ चुत्रेनीस्थित सडकमा टिपरले मोटरसाइकललाई ठक्कर दिदा एक जनको मृत्यु भएको छ । ग.१ क ५७३५ नम्बरको टिपरले ध.७ प ४००५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक मंगला गाउँपालिका-३ बरंजाका ४६ वर्षीय थम बहादुर रोकाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको गण्डकी मेडिकल कलेज पोखरामा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनालाई थप उपचारको लागि मणिपाल शिक्षण अस्पताल पोखरा पठाइएको छ । प्रहरीले टिपर चालकलाई नियन्त्रणमा लिई दुर्घटनाका सम्बन्धमा आवश्यक अनुन्धान गरिरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै



सुर्खेतमा डुबेर एक बालकको मृत्यु भएको छ । बीरेन्द्रनगर नगरपालिका-३ तातापानी बस्ने दल बहादुर गुरूङको छोरा ११ वर्षीय सुप्रिम गुरूङको सोही नगरपालिका-९ तिलपुरस्थित बाँधमा डुबेर मृत्यु भएको हो । डुबेर अशक्त भएका उनको कर्णाली प्रदेश अस्पताल कालागाउँमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । यस्तै काठमाडौंमा एक जना मृत अवस्थामा फेला परेका छन् । काठमाडौं महानगरपालिका-२६ स्थित ड्रिङ्कि ईन गेष्ट हाउसको कोठा नम्बर २०२ मा रसुवा तातोपानी घर भएकी २१ वर्षीया समिरा तामाङ शनिबार राति मृत अवस्थामा फेला परेकी हुन् । यस्तै जाजरकोटमा एक पुरुषको शव फेला परेको छ । जाजरकोटको भेरी नगरपालिका-४ बरलाकुनास्थित भेरी नदीको किनारमा हाल नाम, थर, वतन नखुलेका अन्दाजी ४५ वर्षीय पुरूष मृत अवस्थामा फेला परेका हुन् । घटनाका विषयमा थप अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

## कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्यायन गरेको
**२.पद :** कम्प्युटर अपरेटर
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)
**३.पद :** बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार
आवेदन दिने अन्तिम मिति : २०८१/१०/२० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भन्सार दिवस र यसको सार्थकता

अन्तर्राष्ट्रिय भन्सार दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी आइतबार मनाइएको छ । विश्व भन्सार संगठनको आह्वानमा हरेक वर्ष जनवरी २६ मा अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउने गरिन्छ । अवैध रुपमा सामान आयात गर्दा मुलुकको अर्थतन्त्रमा मात्र नभई सुशासन, विकास तथा मानव सुरक्षामा समेत विश्वव्यापी रुपमा खतरा बढेको भन्दै संगठनले सुरक्षित व्यवसायिक वातावरण निर्माण गर्न आवश्यक ठानेर नै यो दिवस मनाउन थालेको हो । तर नेपालमा भने भन्सा छली गर्ने क्रम रोकिएको छैन । यो अत्यन्त दुःखको कुरा हो । पछिल्लो समयमा भन्सार छली गर्ने क्रम बढेको छ । अहिले दैनिक रुपमा भन्सार नाकाहरुबाट छुटेका ट्रक समातिने र त्यसमा तिर्नुपर्ने राजस्व नतिरिएको पाइन्छ । दैनिक रुपमा सयौंको संख्यामा भन्सार छली हुँदासम्म सरकार र सम्बन्धित निकाय मौन हुने गर्दछन् । राजस्व छली महाअपराध हो । आफ्नै देशलाई ठगेर कमाइएको पैसाले त्यस्ता व्यक्तिको अतित हुने निश्चित छ । तर, पनि राजस्वमा हुने छली रोकिनुको साटो बढ्नु अझै दुर्भाग्यपूर्ण हो ।

सुशासन र पारदर्शीतासहितको व्यवस्थित प्रणालीको स्थापना हुन नसक्दा यहाँ जसले सके त्यसले लुट्ने अवस्था सिर्जना भएको छ । जसरी हुन्छ लुटेर अथाह सम्पति आर्जन गर्ने व्यक्तिहरू नै समाजमा पुजनीय बन्ने गरेका छन् । विकृत पुँजीवादका कारण पनि यहाँ लुट्ने प्रतिस्पर्धा चलिरहेको छ । त्यस्तो खराब कामलाई दण्डित गर्ने निकायहरू आफैं लुट्ने कार्यमा संलग्न हुन पुग्नु झनै दुर्भाग्यपूर्ण छ । नेपालमा पछिल्लो समयमा सेटिङ धन्दा यति धेरै फस्टाएको छ कि शायद सेटिङ धन्दामा नेपाल अग्रपक्तिमै छ । यसलाई रोक्न अहिलेसम्म कुनै विशेष पहल हुन नसक्नु दुखद् हो । राजस्व बिना सरकार सञ्चालनको कल्पनासमेत गर्न सकिँदैन । त्यसैले राजस्व छल्ने विषय कसैलाई पनि मान्य हुँदैन । यो एउटा अक्षम अपराध हो । तसर्थ भन्सार छली गर्ने कार्यलाई निरुत्साहित गर्न सके मात्र हरेक वर्ष मनाइने अन्तर्राष्ट्रिय भन्सार दिवसले सार्थकता प्राप्त गर्दछ । अन्यथा दिवस कर्मकाण्डी मात्रै हुने छ ।

**Opinion @ Social Network**

थोरैमा सन्तुस्ट हुनु नै जीबनको सबैभन्दा ठुलो धन हो ।

**नविन गौतमको** ***फेसबुकबाट*** *;https://www.facebook.com/Nabib.Gautam*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**

भगवतीटोल तानसेन, पाल्पा

# विद्या दिन सकेनौं जनशक्ति पलायन भयो



डा. गणेशप्रसाद घिमिरे

*देशले स्नातक र स्नातकोत्तरसम्मको अध्ययन गरायो तर तिमीलाई विदेशका गल्लीबाट देशलाई सत्तोसराप गर्ने अधिकार छैन । तिमी देशले केही दिएन भनेर बाहिर गएका होइनौ ? अब तिमीसित त्यो अधिकार छैन देशलाई गाली गर्ने । तिमीले गुमायौ आफ्नो स्वाभिमान । तिमीले छोडेर गयौ देशको माया । त्यहीँ बस र आमाबाबुलाई सक्दो सहयोग गर । आफ्नो भविष्य बनाऊ । सके त्यतै भासियौ । नसके देशमा आऊ । नेपालमै बसेर जीवनयापनका लागि सैर्ष गर । सामाजिक सञ्जालबाट राजनीतिलाई सत्तोसराप गर्ने देश होइन भन्न मिल्दैन ।*

*गुरु सुश्रूषयाविद्यापुष्कलेनधनेन वा ।अथवाविद्ययाविद्याचतुर्थो न उपलभ्यते ।।*

विद्या गुरुको सेवाबाट, पर्याप्त धन दिनाले अथवा विद्याको आदानप्रदानबाट प्राप्त हुन्छ । यी तिनका अतिरिक्त विद्या पाउने चौथो उपाय केही पनि छैन । यो नीतिको श्लोक हो । विद्याका लागि यी तीन नै मुख्य उपाय हुन् । चौथो उपाय शास्त्रले पनि बताएको छैन । यी विद्या उपलब्ध हुने आधार हुन् । यिनै आधारबाट संसारमा वा हाम्रो सनातन परम्परामा विद्याको प्रचार भएको हो । यी तीनबाहेकको विद्या आर्जन गर्ने कुनै पनि उपाय शास्त्रमा वर्णित भएको पाइँदैन । यी तीन उपायबाट पाएको विद्या हो । विद्याबाट पाउने संस्कार नै मानव जीवनका लागि उपयोगी बनेर आएको हुन्छ । आजको इतिहासमा शिक्षा आर्जन गर्ने उपाय प्रविधि हुन सक्ला तर विद्या आर्जन प्रविधिबाट हुन सक्दैन । यो सत्य हो । यही सत्यमा टेक्न सकेनौं हामी । पलायन भयो हाम्रो देशको दक्ष जनशक्ति । विद्या पाएको व्यक्ति आफैँमा गुणवान् हुनु अनिवार्य मानिन्छ । विद्याले विनयलाई अग्रसारित गरेको हुन्छ । विनयशीलता नै विद्याको सबैभन्दा महत्वपूर्ण संस्कार मानेको छ प्राच्य परम्पराले । नैतिकवान् जनशक्तिको सिर्जना विद्याबाट हुने सन्दर्भमा कहीँकतै विमति छैन । हाम्रो देशमा त्यसो हुन सकेन । हामीले शिक्षा दियौँ । उच्चशिक्षा प्रदान गर्ने विश्वविद्यालयबाट दीक्षित गरायौँ । जनशक्ति दीक्षित भयो । विश्वविद्यालमा सर्वोत्कृष्ट अङ्क ल्याई नेपाल विद्याभूषण पनि पायो । गर्वका साथ भन्छ देशले केही दिँदैन । विदेशतिर जाने प्रयास गर्नुपर्ला । यो आजको शिक्षा पाएका युवाको अभिव्यक्ति हो । केही दीक्षित विद्यार्थी भने नेपालमै सम्भावनाको खोजीमा देखिए तर अभिव्यक्तिमा देखिएको लाचारी र देशमा केही छैन भन्ने अभिव्यक्ति दिने जनशक्ति हाम्रो शिक्षाको पहिचान बनेको छ आज । यही आधारमा बाँचेका छन् हाम्रो देशका विश्वविद्यालय र हाम्रो देशको शिक्षानीति पनि । यसैमा रमेको छ हाम्रो देशको राजनीति पनि ।

**विश्वविद्यालयको गति :** नेपालमा खोलिएका प्रत्येक विश्वविद्यालय आफ्नो पहिचानका लागि खोलिएका छन् । अझ पनि खोलिने क्रम जारी नै छ । सरकार बहुविश्वविद्यलायको अवधारणामा केन्द्रित रहेर विश्वविद्यालयीय शिक्षालाई गाउँगाउँ र टोलटोलमा विकास गर्न उद्दत देखिएको छ । नेपालमा खोलिएका कतिपय विश्वविद्यालयका आफ्नो आङ्गिक क्याम्पसहरू छैनन् । सामुदायिक र निजी क्याम्पसलाई सम्बन्धन दिएर आफ्नो बिँडो थामिरहेका छन् । ती विश्वविद्यालयमा विद्यार्थी सङ्ख्या देखाउन योग्य छ पनि छैन पनि । तर, सरकारी लगानीमा चलेका ती विश्वविद्यालयले दिने शिक्षा शिक्षा बन्यो विद्या बन्न सकेन । हाम्रा विश्वविद्यालयले विद्या दिएको भए आजको जनशक्ति पलायनतर्फ उन्मुख हुने थिएन । यो सत्य हो । यो सत्यलाई आजको नेपाली गणतन्त्रले स्वीकार गर्न सकेको देखिएन । देशका कुनै पनि शिक्षालय वा विद्यालयले दिने शिक्षा र विद्यामा फरक अवश्य देखिन्छ । विद्या गुरुले दिने हो । शिक्षा शिक्षकले दिने हो । विद्या दिने गुरुले समाजको उन्नति प्रगतिका साथै आफ्नो पहिचानमा केन्द्रित रहन आग्रह गरेको हुन्छ । समाजको विकास, देशको विकास, मातृभूमिको उन्नयनका साथै सैर्षमा बाँच्न सिकाउँछ । आफूलाई चिन । आफ्नोलाई चिन । आफन्तलाई चिन । यी सबैभन्दा माथि देश छ । देशको विकास गर । आफूभित्रको आत्मालाई चिन । आत्मा अमर छ । अजेय छ । नाश हुँदैन भन्छ । गुरुले दिने विद्यामा देश पहिले र आफू पछि हो । आफूलाई मात्र चिनेमा देश पनि बन्दैन भन्ने दृष्टिकोण विद्याले राखेको हुन्छ । गुरुले यही सिकाएका हुन्छन् । यही हो विद्या आजको पुस्तासित छैन । आजका शिक्षकसित छैन । आजका अभिभावकसित छैन । शिक्षकले दिने शिक्षा हो । शिक्षाले यो जगत् चिनाएको हुँदैन । आफू, आफन्त र आफ्नोलाई मात्र चिनाएको हुन्छ । आफूलाई चिने पुग्यो । देश चिन्नु परेन । आफूले अध्ययन गरेको देशका बारेमा सोच्नु परेन । आफ्नोका बारेमा सोच । धनका बारेमा सोच । बाबाआमाका विशाल सपनाका बारेमा सोच । सपनालाई साकार पार्ने आधारका बारेमा सोच । ती आधारलाई पाउन सक्ने उपायको खोजीका बारेमा सोच । पाएको वस्तु तिम्रो हो । त्यो सत्कर्म वा असत्कर्मबाट पाएको किन नहोस् । यही सिकाएको हुन्छ । आजको शिक्षाले । अध्ययन गर्ने उद्देश्य लिएर विदेशी भूमिमा पलायन गर । सके उतैको नागरिक बन । नसके मनग्गे धन कमाएर नेपाल आऊ । राजनीति गर र शासन गरेर आफूलाई स्थापित गर । यही भन्छ आजको शिक्षा । यही शिक्षा दिन्छौँ हामी हाम्रा शिक्षार्थीलाई । नेपालमा यति धेरै विश्वविद्यालयको आवश्यकता होइन । हुन त गणतन्त्रमा यसो भन्न नपाइने होला ? तर आजको सत्य यही हो । विद्यार्थी दश जोड दुई गरेपछि बाहिरिएका छन् । बचेको जनशक्ति चिकित्सक, इन्जिनियर वा अन्य शिक्षा पाएर बाहिरिएको छ । विश्वविद्यालयले दिने औपचारिक शिक्षाको स्नातकोत्तरमा पटक-पटक भर्ना खुलेको सूचना प्रवाह गर्नु त्यसैको द्योतक होइन र ? शिक्षा दियौँ हामीले । दक्ष बनायो देशको प्रबुद्ध वर्गले । आजको समयमा सबैभन्दा उपेक्षित वर्ग हो बौद्धिक वर्ग । त्यस वर्गले आफूभित्र भएको ज्ञानको अजस्र धारालाई बगाएर स्नातक बनायो । स्नातकोत्तर गरायो तर आजको पुस्ता स्नातक, स्नातकोत्तर र विद्यावारिधि गर्ने नाममा स्वदेशलाई सराप्दै र धिक्कार्दै बाहिरिएको छ । किन यतिका विश्वविद्यालय चाहिए । यो सानो मुलुकमा । प्रत्येक प्रदेशमा बहु विश्वविद्यालयको अवधारणा किन चाहियो । आजको विश्वविद्यालयको अर्को पाटो हो विद्यार्थी राजनीति । विद्यार्थी वा शिक्षार्थी सचेत वर्ग हो । ऊ राजनीतिमा सक्रिय हुनु नराम्रो पनि होइन । उसको सचेतताले आजको समाजलाई मात्र होइन देशको भविष्यलाई पनि केन्द्रमा राखेर अघि बढेको हुन्छ तर आज विद्यार्थी राजनीति त्यस किसिमको हुन सकेको देखिँदैन । आजको विद्यार्थी विद्यार्थी राजनीतिमा भन्दा उसका माऊ पार्टीको निर्देशनलाई मानेको हुन्छ । माऊ पार्टीकै आदेशमा चलेको हुन्छ । पदाधिकारी वा क्याम्पस प्रमुखदेखि लिएर विभागीय प्रमुखसम्मको भागबण्डामा आफ्नो माऊ पार्टीलाई सहयोग गरिरहेको हुन्छ । विश्वविद्यालय क्याम्पस तथा विभागमा हिस्सेदार हुन आग्रह गर्दै भोटेताल्चा लगाएर काम गर्ने अवसर दिँदैन । आजको विद्यार्थीलाई अध्ययन, अध्यापन अतिरिक्त क्रियाकलापको खाँचो हुँदैन । माऊ पार्टीले सिकाएको छ सबै । उसकै भरमा चलेको छ विद्यार्थी र विद्यार्थीले प्रतिनिधित्व गर्ने सङ्गठन पनि । उसलाई अध्ययनभन्दा नेताको दरवार गतिलो देखिएको छ । अध्ययनमा भन्दा नेताको भरोसामा अडेको छ । नेतालाई उसले सर्वेसर्वा ठानेको छ । यही अवस्थाले बिग्रेको छ देशको शिक्षा र बिग्रेका छन् देशका भविष्य पनि ।

**पलायन रोकौं :** हाम्रो देश नेपाल संसारको सबैभन्दा सबल राजनीतिक प्रणालीमा चलेको छ । आजको संसारमा गणतन्त्रभन्दा बलियो राजनीतिक प्रणाली देखिँदैन । छैन पनि तर यो राजनीतिलाई स्थिर गर्ने दक्ष जनशक्ति र शिक्षित जनशक्ति हो । जो आज आएर पलायन भएको छ । देशलाई सराप्दै भागेको छ । देशमा केही गर्ने हुती नभएर भागेको हो । आफूले खाएको थाल नउठाउने छोराछोरी विदेशमा भाँडा माझ्न बाध्य छन् । विदेशमा बसेर नै राजनीति र राजनीतिमा होमिएर जीवन समर्पित गरेका नेतालाई सामाजिक सञ्जालमार्फत सरापिरहेका छन् । देशमा यो भएन, त्यो भएन । फलानो नेताले यो गरेन, त्यो गरेन भनेर सत्तोसराप गरेको छ । देशले शिक्षा दियो । देशले स्नातक र स्नातकोत्तरसम्मको अध्ययन गरायो तर तिमीलाई विदेशका गल्लीबाट देशलाई सत्तोसराप गर्ने अधिकार छैन । तिमी देशले केही दिएन भनेर बाहिर गएका होइनौ ? अब तिमीसित त्यो अधिकार छैन देशलाई गाली गर्ने । तिमीले गुमायौ आफ्नो स्वाभिमान । तिमीले छोडेर गयौ देशको माया । त्यहीँ बस र आमाबाबुलाई सक्दो सहयोग गर । आफ्नो भविष्य बनाऊ । सके त्यतै भासियौ । नसके देशमा आऊ । नेपालमै बसेर जीवनयापनका लागि सैर्ष गर । सामाजिक सञ्जालबाट राजनीतिलाई सत्तोसराप गर्ने देश होइन भन्न मिल्दैन । नेपालको गणतन्त्र र गणतन्त्रका हिमायती राजनीतिक दलले पलायन हुने पुस्ताका लागि भविष्य निर्धारणको बाटो पहिल्याउन सकेनन् । विदेशी भूमिका लागि पाइला उचाल्ने पुस्ताका लागि खोइ भविष्य ? स्वदेशमा बस । यहीँ केही गर भन्ने बलियो आधार खोइ राजनीतिमा ? नेपालका किसान र व्यापारीलाई हेरेर नीतिनिर्माण नगर । विदेशमा जस्तो केही घण्टा काम गर्ने उद्योग र व्यापारिक प्रतिष्ठान खोइ ? आमाबाबाका सपनालाई साकार पार्न विदेश नै जानुपर्ने बाध्यताबाट आजको पुस्तालाई मुक्त गर्ने नीति खोइ ? देशको युवाशक्तिलाई स्वदेशमै रोक्ने रोजगारी खोइ ? राजनीति तिमी, तिम्रा आफन्त र आसेपासेका लागि मात्र होइन । विद्यान पाएको तर शिक्षा पाएर प्रमाणपत्र हल्लाउँदै गरेको युवापुस्तालाई रोक । त्यस पुस्ताका लागि नीति निर्माण गर । स्वदेशमै काम गर्ने वातावरणको व्यवस्था गर । यही हो पलायन रोक्ने आधार । यसो गर्न सकिएन भने देशको राजनीति र गणतन्त्रको मियो हल्लनेछ । गणतन्त्र र युवा पुस्तालाई रोक्ने नीति ल्याऊ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : झुकाव अलि बढी रहनेछ। नयाँ निर्णय लिनुभन्दा अघि सोचविचार गर्नुहोस्। | **तुला** : धनमा वृद्धि हुनेछ। परिवार जनहरूसँग रमाइलो समय बित्नेछ। |
| **वृष** : कलाको क्षेत्रमा विशेष सफलता मिल्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **वृश्चिक** : कार्यसम्पादन गर्नमा समय लाग्नेछ।यात्राको लागि अवसर प्राप्त होला। |
| **मिथुन** : समय निकै उत्साहजनक र हनेछ। नयाँ अध्ययनमा सफलता मिल्नेछ। | **धनु** : उच्च शिक्षाको लागि अवसर मिल्नेछ। सोचे जस्तो नतिजा तत्काल प्राप्त नहोला। |
| **कर्कट** : कार्यक्षेत्रमा चुनौती लिएर आउनेछ। कार्यक्षेत्रमा सन्तानको सहयोग प्राप्त हुनेछ। | **मकर** : विगतमा गरेको कार्यबाट प्रशस्त लाभ मिल्नेछ। जनसमर्थन मिल्नेछ। |
| **सिंह** : नोकरी वा पेशामा प्रभाव बढ्नेछ। अरुको कुरालाई महत्व दिनुहोस्। | **कुम्भ** : विशिष्ट जनहरूको साथ मिल्नेछ। दिगो कामको जग बसाउने अबसर मिल्नेछ। |
| **कन्या** : व्यापार व्यवसायमा धन लाभ हुनेछ।शत्रुहरू पराजित हुनेछन्। | **मीन** : नियमित कामलाई निरन्तरता दिन सकिनेछ।व्यवसायमा सहयोग मिल्नेछ। |

## शिक्षा

# सिकाउने र विद्यार्थीले सिक्ने प्रणालीमै समस्या



विश्वविद्यालयमा विद्यार्थी उत्तीर्णदर ३० प्रतिशत हाराहारी मात्र छ । विद्यालय तहमा यो दर अलिक बेसी अर्थात् ५० प्रतिशत आसपास छ । यस हिसाबले विश्वविद्यालयमा ७० प्रतिशत अनुत्तीर्ण हुन्छन् भने विद्यालयमा ५० प्रतिशत । शिक्षक सेवा आयोगले लिने लाइसेन्स परीक्षाको नतिजा त झन् उदेकलाग्दो छ । निमावि तहमा एक लाख १९ हजारभन्दा बढीले परीक्षा दिँदा १० हजार ९७४ जना मात्र सफल भए । ९० प्रतिशत उत्तीर्ण हुन सकेनन् । नेपाल मेडिकल काउन्सिलले लिएको ७१औँ लाइसेन्स परीक्षामा ६८ प्रतिशत डाक्टर अनुत्तीर्ण भए । ३१.०४ प्रतिशत मात्रै उत्तीर्ण भए । एमबीबीएस र बीडीएसतर्फ ८४४ जना परीक्षामा सहभागी थिए । तीमध्ये २६२ जना मात्र सफल भएका हुन् । ५६२ जना अनुत्तीर्ण भए । यसरी हेर्दा विद्यालयदेखि विश्वविद्यालय तहसम्म नै विद्यार्थी सिकाइमा कमजोर देखिने गरेका छन् । यसको कारण के हो ? हरेक क्षेत्रमा विद्यार्थी असफल हुनुमा दोषी को हो ? रातोपाटीकर्मी कृष्णसिंह धामीले यी विषयमा शिक्षाविद् विद्यानाथ कोइरालासँग कुराकानी गरेका छन् । विद्यार्थीहरूको पढाइ कमजोर हुँदै गएको देखिन्छ । हरेक क्षेत्रमा हुने परीक्षाको नतिजाले यही यथार्थ बताउँछ । यसको कारण के हो ? सिक्ने कुरामा नै ढिला भयो । जस्तो: मानौँ विद्यार्थीले ग्लास भेटायो भने उसलाई धेरै कुरामा जिज्ञासा हुन्छ । कसले यो ग्लास पहिला बनाएको होला ? कसले पहिला प्रयोग गर्‍यो होला ? यो किसिमको सम्भाव्यता गहिरिएर सिक्ने वातावरण बनाइदिएको भए केटाकेटीहरू सिक्थे ।

सिकाउने जुन खालको ढंग छ त्यसमै समस्या भएकाले विद्यार्थीलाई सिकाइ उपलब्धि कम भयो भन्ने मेरो पहिलो ठम्याइ हो । दोस्रो के हो भने हामीले बालबालिकालाई जे पढायौँ त्यो जान्यो कि जानेन भनेर सिकाइ बुझाउँदा रहेछौँ । सिकाइ फेरि यस्तो हुँदो रहेछ कि बालबालिकाले के बुझे भन्ने महत्त्वपूर्ण हुन्छ । तर, हामीले के पढायौँ भनेर सोध्ने रहेछौँ । हाम्रो सिकाउने र विद्यार्थीले सिक्ने प्रणालीमै समस्या भयो । तेस्रो समस्या कहाँनेर छ भने कोरोना महामारीपछि जुन अवस्था आयो त्यसले सिकाइ एकदमै कमजोर भयो भनिएको छ भन्ने अन्तर्राष्ट्रिय जगत्को चिन्तन रहेछ । विद्यार्थीले इन्टरनेटमा पढेर नतिजा राम्रो आउन नसकेको भन्ने रहेछ । भौतिक पढाइ राम्रो हो, इन्टरनेटको होइन भनेर चिन्तन बलियो बनेको छ । नेट र भेटको लडाइँ सकियो । अब के गर्नुपर्ने देखिन्छ भन्दा नेटमा कति सिके ? भेटमा कति सिके ? यी दुवै माध्यमबाट के सिके ? कस्ता ज्ञान प्राप्त गरे ? यस्ता किसिमको सोच बनाउनुपर्छ । विद्यार्थीले नेटमा पढ्दा विषयवस्तु मात्रै सिक्दैन । यसले कसरी काम गरेको होला, कसले बनायो होलाजस्ता हजारौँ प्रश्न हुन्छ उसको मनमा । कसैले त्यस्ता प्रश्नको उत्तर दिँदैनन् । ती विद्यार्थीको जिज्ञासा एकातिर छ, हाम्रो प्रश्न गराइ अर्कोतिर भएछ । मैले यी तीन मुख्य कारणले हाम्रो पढाइ र सिकाइ कमजोर भएको देख्छु । अर्को पाटो म के देख्छु भने सिकाइमा तीन कुरा सँगै जोडिएको हुन्छ । एउटा अवधारणा जोडिएको हुन्छ । दोस्रो विषयवस्तु कसरी सिक्ने भन्ने हुन्छ । तेस्रो परीक्षामा कसरी उत्तर लेख्ने भन्ने हुन्छ । हामीले अवधारणा नजानीकन विषयवस्तु सिकाउँदा रहेछौँ । जुन विषयवस्तु पढायो त्यही विषयवस्तुको परीक्षा लिन्छौँ । सिक्नुपर्ने विषय सिकाउन सकेनौँ । त्यो सिक्नुपर्छ भन्ने जरुरी नै ठानेनौँ । जे पढ्यो त्यही कुरा सिक्छ । सिक्नुपर्ने जरुरी नै भएन । कण्ठ पारेपछि भयो भन्ने भयो । जसले गर्दा पास हुन कण्ठ पार्ने गरियो । सिकाइका लागि केही भएन । हरेक ठाउँमा शिक्षकका कारण विद्यार्थीको सिकाइ कमजोर भयो भन्ने गरिन्छ । के शिक्षकले नसिकाएकै हुन् त ? शिक्षकमा के समस्या भएछ भने विद्यार्थीको पढ्ने र शिक्षकले पढाउने गतिमा मेल नै भएन । त्यसैले मैले शिक्षकहरूलाई ठाडै भन्ने गरेको छु, लन्ठ हामी भयौँ, चंख विद्यार्थी भए । अब लन्ठ मान्छेले चंख केटाकेटीलाई सिकाउने कसरी भन्ने हाम्रा निम्ति चुनौती भयो । चुनौती कसरी समाधान गर्न सकिन्थ्यो भन्दा विद्यार्थीलाई तिमीहरूमध्ये कसले के जानेका छौ त्यहीअनुसार गर भनेको भए केटाकेटीले मजाले जान्थे । शिक्षकको पढाउने कला जस्ताको त्यस्तै भएछ । विद्यार्थीको पढ्ने कला फरक भइसकेको छ । विद्यार्थीको पढ्ने कला कस्तो भयो भने उसले सूचना जहाँबाट पनि पाउँछ । कक्षा ४-५ का केटाकेटीलाई हेर्छु । तिनीहरूले होमवर्क गर्ने ग्रुप नै बनाएका हुँदा रहेछन् । आफूले जानेको विषयवस्तु सेयर गर्ने र अरूले गरेको विषयवस्तु हेर्ने गरेका हुन्छन् । उनीहरू यसरी अध्ययन गर्छन् । शिक्षकले के गर्दा रहेछन् भने आफूले दिएको विषयवस्तु सही भयो कि भएन भनेर चेक गरेर हिँड्दो रहेछ । विद्यार्थी र शिक्षकबिच पढाउने र पढ्ने कला फरक भयो । त्यो कलामा शिक्षकलाई अपडेट गराउन सकेनौँ । शिक्षकलाई मात्रै दोष दिएर त हुँदैन । शिक्षकलाई अपग्रेड गर्नु सम्बन्धित निकायकै जिम्मेवारी हो । चाहे पालिकाको होस्, चाहे त्यो केन्द्र, संघ, कर्मचारी, प्रशासन सबैको जिम्मेवारी हो । हामीले शिक्षकलाई अपग्रेड गराउने कुरा गर्न सकेनौँ । किनभने, विद्यार्थी नयाँ भएपछि पढाउने शैली पनि नयाँ हुनुपर्छ । पढाउन थालेको कति वर्ष भयो भनेर सोध्दा शिक्षकहरू १० वर्ष, १५ वर्ष भयो भन्छन् । विद्यार्थी त फेरिए तर शिक्षकको पढाउने तरिका उस्तै भयो । विद्यार्थी फेरिए भन्ने थाहा छ । आफ्नो शैली फेरिएन भन्ने पनि थाहा छ । त्यसैले के गर्नुपर्छ भने शिक्षक कमजोर छ भने उसलाई पनि सिकाऊ । विद्यार्थीबाट पनि सिक्ने कुरा धेरै हुन्छन् । शिक्षक-विद्यार्थी एकार्काका परिपूरक हुनुपर्छ । उच्च शिक्षामा पनि रमाइलो पक्ष छ । विद्यार्थीले कसरी सोच्दो रहेछ भने यो कोर्स पढेर के काम पाइन्छ ? हामी के भन्न नसक्दा रहेछौँ भने तिमी आफ्नै कोर्स बनाउन त । आफ्नै कोर्स बनाउनु भनेको सेल्फ स्टडी हो । यसलाई इन्डिभिजुअल कोर्स भन्छन् । यस्ता कोर्सलाई क्रेडिट दिन पनि सकिन्छ । एडिट पनि गराउन सकिन्छ । क्रेडिट र एडिट दुवै पनि हुन सक्छ । विद्यार्थीलाई आफ्नै कोर्स बनाउन भन्न सकेका छैनौँ । अभिभावकसँग मिलेर कोर्स बनाउन त भनेर पनि भन्दा रहेनछौँ । साथीसँग मिलेर कार्स बनाउन त भनेर पनि भन्दा रहेनछौँ । हामीले बनाइदिएको कोर्स उसलाई पढ्दा खेरि त्यसै रिएक्टिभ भइहाल्छ नि ! हाम्रो निम्ति समस्या के भने त्यो कोर्सबारे मलाई पनि जानकारी छैन । म कसरी पढाउँछु भन्नेचाहिँ हामी रहेछौँ । विद्यार्थी के भन्दा रहेछन् भने शिक्षक चाहिँदैन । म नेटमा खोज्छु । एक्सपर्ट को-को हो भनिदिनू । रिसर्च पर्सन को हो भनिदेऊ । म त्योसँग सम्पर्क गर्छु भनेर भन्दा रहेछन् । तर, शिक्षकहरू के भन्दा रहेछन् भने होइन मैले नै पढाउनुपर्छ । मैले नै परीक्षा लिनुपर्छ । होइन भने म पढाउँदिनँ भन्दा रहेछौँ । त्यसैले विश्वविद्यालयको पनि दशा त्यही हो । अहिले आएको जेनेरेसन त जी-जेनेरेसनवाला हो । जी-जेनेरेसनको केटाकेटी भए । हामीचाहिँ पुरानो जेनेरेसनको भयौँ । अनि हामीले आफूलाई अपडेट नगर्ने, विद्यार्थीको कुरा मिलाउन नसक्ने । जसले गर्दा उच्च शिक्षाको दशा पनि त्यही भएको हो । हामीकहाँ र विदेशमा पढाउने कला एकदमै फरक छ । विषयवस्तु यहीको हो । र पनि पढाउने शैली वा कला फरक छ । फरक के छ भने विदेश गएका विद्यार्थीलाई के भन्दा रहेछन् भने तिमीले के जान्यो ? आफैँले खोजेर अध्ययन गर । आफ्नो विचार प्रस्तुत गर भन्दा रहेछन् । हामीचाहिँ सकी-नसकी पढाउनतिर लाग्दा रहेछौँ । बाहिर आफैँ अध्ययन गर्छन् । यहाँ बाध्यात्मक रूपले गराइन्छ । विदेशमा नेपाली विद्यार्थीलाई विषयवस्तु कसरी सिक्ने भनेर चुनौती नै हुन्छ । विकल्प पनि धेरै हुन्छ । लाइबेरीमा अडियो, भिडियो, पुस्तकलगायत विभिन्न विकल्प हुन्छन् । विद्यार्थीले लाइबेरीमार्फत आफूलाई मन पर्ने माध्यमबाट पढ्ने गर्छन् । तर, नेपालमा किताबी ज्ञान मात्र पढ्न दिइन्छ । हाम्रो आफ्नो पना र उताको तरिका दुवै मिलाउँदा त विद्यार्थी ह्वात्तै अगाडि जाँदो रहेछ । दोस्रो कुरा के हो भने पहिला चुनौती नै हुन्छ । यो नयाँ कुरा कसरी पढ्ने भनेर चुनौती हुँदो रहेछ । तर, पछि गएर विद्यार्थीलाई नै सबै कुरा गर्न लगाउने, विद्यार्थीलाई आवश्यक कुरा खोज्न लगाउने रहेछन् । जसले गर्दा विदेश पुगेपछि नेपाली विद्यार्थीले राम्रो गर्छन् ।

*-रातोपाटी डटकम*

# विद्यार्थीलाई होमवर्क दिने कि नदिने ?


**प्रविज्ञ रेग्मी**



सात वर्षकी चन्द्रकला स्कुलको पोसाक लगाइसकेपछि घरमै अलप भइन्। स्कुल जान तयार भएकी बच्ची आमाले खोज्दा घरकै ठूलो दराजको कुनामा दपन्निएर चुपचाप लुकेर बसेकी भेटिइन् । उनी स्कुल जान तयार थिइनन् । गहभरि आँसु थियो । तनावका कारण शरीर अरमठ्ठ थियो । सधैं स्कुल जाने चन्द्रकलाले यस्तो स्वभाव बेलाबेलामा देखाउँथिन् । कारण – शिक्षकले दिएको अत्यधिक गृहकार्य (होमवर्क) गर्न नसकेको र त्यसको परिणामको त्रासले अत्तालिएकी । यो एक प्रतिनिधि घटना हो । यस्तै प्रकृतिका वृत्तान्त थुप्रै सुनिन्छन् । यो लेखअघि पाठक समक्ष यसै सन्दर्भमा केही प्रश्न तेर्स्याउँछु–हाम्रो बालबालिकाप्रतिको संवेदनशीलता कहाँ गयो होला? किन ती कलिलाहरूलाई वयस्कको जस्तै व्यवहार गरिन्छ? गृहकार्यको बोझ दिएर शैक्षिक उन्नति ल्याउन प्रेरित स्कुल वा शिक्षकहरूले र गृहकार्यले थिचाएर घरमा आफ्नै बालबालिकाका सुलभ वृत्तिहरूलाई तुसारापात गराउने अभिभावकहरूले किन उनीहरूका स्वनियमनका पक्ष पाखा लगाउँछन् ? बालबालिकालाई गृहकार्य दिने वा नदिने भन्ने तातो बहस शिक्षा क्षेत्रमा भइरहन्छ । यो लेखमा यस विषयमा भएका अनुसन्धानहरूले के देखाउँछन्, तुलनात्मक विश्लेषण गर्नेछु । पहिलो पाटोमा किन नदिने, दोस्रो पाटोमा किन दिने र निष्कर्षमा के उपयुक्त हुन्छ भन्ने राख्ने छु । आशा छ, यसले अन्तरदृष्टि दिनेछ । अध्येता अल्फी कोह्नले आफ्नो किताब 'द होमवर्क मिथ' मा बालबालिकालाई गृहकार्यको बोझ दिन नहुने बताएका छन् । स्कुलको दिनभरको कार्यपछिको स्वतन्त्र समय खोसिन नहुनेमा उनी जोड दिन्छन् । उनको अध्ययनले देखाएको छ – गृहकार्यले विद्यार्थीको बौद्धिक विकासमा खासै फरक पार्दैन । गृहकार्य गरेर आउने भनिएको फाइदाको तुलनामा यसले ल्याउने दिकदारी र तनावको प्रभाव धेरै पर्छ। प्रत्युत्पादक पनि हुन्छ । अस्ट्रेलियन शिक्षामनोवैज्ञानिक रिचार्ड वाकरको अनुसन्धानको निष्कर्ष पनि त्यही छ – विशेषगरी प्राथमिक तहका विद्यार्थीको शैक्षिक उपलब्धि र गृहकार्यबीच कुनै महत्त्वपूर्ण सम्बन्ध छैन । गृहकार्यले उच्च शैक्षिक नतिजा ल्याउँदैन । शिक्षक र अनुसन्धानकर्ता वेन्डी तोशिहारा भन्छिन्, 'गृहकार्य बालबालिकाको विकासको चरण र आवश्यकतासँग मेल नखाएमा हानिकारक हुन्छ ।' कोह्न भन्छन्, 'गृहकार्यले विद्यार्थीको प्रगति हुन्छ भन्नु एक भ्रम हो। प्राथमिक तहका विद्यार्थीलाई त शिक्षाको नाममा निर्देशन गरिने गलत मार्ग हो । बालबालिका प्रति शैक्षिक अविश्वासको परिणती हो ।' उनी थप भन्छन्, 'माध्यमिक र निम्न माध्यमिक तहका विद्यार्थीको शैक्षिक प्रगति र गृहकार्यबीच थोरै अन्तरसम्बन्ध भए पनि गृहकार्य नै शैक्षिक उपलब्धिको आधार होइन । प्रशस्त गृहकार्य गर्ने विद्यार्थीको प्रगति भएको छ पनि त्यसको मूल कारण गृहकार्य होइन । त्यसैले उच्च उपलब्धि पाएका सबै विद्यार्थीले धेरै गृहकार्य गर्छन् भन्न हुँदैन, अन्यलाई यसको बोझले थिच्न हुँदैन । यसले शैक्षिक समता खल्बलिन्छ ।! अध्ययनहरूले देखाएका छन् – अभ्यासका नाममा दोहोर्‍याइ-तेहर्‍याइ लेख्न दिइने गृहकार्यको प्रचलनले विद्यार्थीहरू जिज्ञासाबाट वञ्चित हुन्छन् । उनीहरूको सिर्जनशीलतामा ह्रास आउँछ । सिकाइको प्राकृतिक रूचि र आन्तरिक प्रेरणा कम हुन्छ । शिक्षाप्रति नकारात्मक भावना विकास हुन्छ । विद्यार्थीले वयस्क वा आफ्नै दौंतरीहरूसँग अन्तर्क्रिया गर्ने समय गृहकार्यले लिँदा यसले सामाजिक विकासमा समेत अवरोध पुर्‍याएको अनुसन्धानहरूले देखाएका छन् । स्कुल समयपछि चार-पाँच घन्टासम्म गृहकार्य नै गरिरहँदा विद्यार्थी थाक्छ । समय अभाव र थकानका कारण परिवारजनसँग घुलमिल हुने अवसर पनि कम हुन्छ । यो क्रम बढ्दै जाँदा उसको भावनात्मक विकास अवरूद्ध हुन्छ । यसको प्रभाव तत्काल नदेखिए पनि कालान्तरमा एक्लकाटे, समाजमा घुलमिल हुन मुस्किल हुने जस्ता स्वभाव विकास हुने देखिएको छ । गृहकार्यको बोझले विद्यार्थीको सामाजिक, भावनात्मक विकासमा प्रत्यक्ष असर पर्ने अनुसन्धानले देखाएका छन् । स्ट्यानफोर्डका डिनिस पोपले चार हजारभन्दा बढी विद्यार्थीमा अध्ययन गरेर आएको निष्कर्षलाई प्रायोगिक शिक्षा जर्नलमा प्रकाशन गरेका छन् । उनको निष्कर्ष छ – गृहकार्यको अधिक बोझले विद्यार्थीको मानसिक र शारीरिक स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक असर गर्छ । गृहकार्यले प्राय: पारिवारिक समयमा अवरोध ल्याउँछ। जसले अभिभावक र बालबालिकाबीच द्वन्द्व सिर्जना गर्छ । एकातर्फ अभिभावकहरू गृहकार्य पूरा गराउन बाध्य हुन्छन्, अर्कोतर्फ बालबालिकाहरूलाई झन्झटिलो लागेको गृहकार्यको प्रतिरोध गर्दा सम्बन्ध तनावपूर्ण हुन्छ । गृहकार्यले बालबालिकाको स्वतन्त्र खेल, अतिरिक्त क्रियाकलाप र विश्रामका लागि समय कम गरिदिन्छ । कह्नले भावनात्मक र सामाजिक विकासका साथै सिर्जनशीलता विकासका लागि फुर्सदको समय आवश्यक हुने बताएका छन्। धेरै घन्टासम्म गृहकार्य गर्नुपर्ने बालबालिकाले उनीहरूको सर्वांगीण विकासका लागि महत्त्वपूर्ण पारिवारिक अनुभवहरू गुमाउन सक्छन् । गृहकार्यले प्राय: आलोचनात्मक सोचभन्दा आज्ञा पालना गर्ने बानीलाई प्राथमिकता दिन्छ । यस्ता कार्यहरू अक्सर विद्यार्थीहरूले आफूलाई दिइएको आदेश पूरा गराउन खोजिएको बुझ्छन्, र उनीहरू त्यसमा आलोचनात्मक प्रश्न गर्न, अन्वेषण गर्न उत्साहित हुँदैनन् । काम पूरा गर्ने ध्येयमा केन्द्रित हुँदा अध्ययन यान्त्रिक हुन्छ । एकै प्रकारका गृहकार्य सबै विद्यार्थीका लागि उपयुक्त हुँदैनन् । स्कुलमा गृहकार्यलाई विद्यार्थीहरूको व्यक्तिगत आवश्यकता, क्षमता, वा चासोअनुसार प्राय: परिमार्जन गरिँदैन । एउटै साँचोमा ढालेका कार्यहरूले विद्यार्थीहरूको अद्वितीयपनलाई सम्बोधन गर्दैन र विविध सिकाइ शैली र गतिलाई ध्यानमा राख्दैन । शिक्षाले विद्यार्थीहरूलाई आफ्नो सिकाइको स्वामित्व लिन सशक्त बनाउनुपर्छ। तर विशेषगरी बाध्यकारी र कठोर गृहकार्यले विद्यार्थीहरूको स्वायत्तता हटाउँछ । सिकाइलाई रोजाइ होइन, झन्झटिलो बनाउँछ । यसको प्रभाव सिकाइको स्वनियमनमा पर्छ र शैक्षिक जिम्मेवारी लिने प्रवृत्तिलाई नकारात्मक असर पर्छ । अब लेखको दोस्रो पाटोमा गृहकार्यका सकारात्मक पक्षहरूबारे अनुसन्धानले के भन्छ भन्ने हेरौं । अध्येता ह्यारिस कुपर र रबर्ट मर्जानो, यी दुई नाम गृहकार्य पक्षधरका रूपमा आउँछन् । यी दुवैले गृहकार्यको आवश्यकता र यसका परिणतीहरूलाई समर्थन गर्छन् । उनीहरूको विश्लेषण र अध्ययनले ठिक्कको गृहकार्य आवश्यक हुने देखाउँछ । ह्यारिस कुपरको गृहकार्यको दस मिनेट नियम विश्वप्रसिद्ध छ । उमेर र कक्षा बढ्दै जाँदा गृहकार्यलाई दस मिनेटको आधार राखेर दिइएमा प्रभावकारी हुने उनी बताउँछन् । कक्षा एकका विद्यार्थीलाई दस मिनेट, दुईका लागि बीस, तीनका लागि तीस र चारका लागि चालीस मिनेट र एवं प्रकारले कक्षा अनुसार दसले गुणन गरी प्रतिदिनको गृहकार्य दिइएमा बौद्धिक विकासका लागि सहयोगी हुने यो एक सरल र सिधा नियम हो । माध्यामिक तहका विद्यार्थीहरूलाई दुई घन्टा वा आवश्यकता अनुसार थोरै थप गृहकार्य दिन सकिने यो नियमले निर्देशित गर्छ । कुपरको विश्लेषणले विशेषगरी माध्यामिक र उच्च माध्यामिक तहमा गृहकार्य र शैक्षिक उपलब्धिबीच सकारात्मक सम्बन्ध देखाएको छ । गृहकार्यले विद्यार्थीलाई अभ्यास, समीक्षा र वोध विकास गर्ने अवसर प्रदान गर्छ । उनी भन्छन्, 'गृहकार्यले जिम्मेवारी, समय व्यवस्थापन र अनुशासन जस्ता जीवन उपयोगी सीपहरूको विकास गर्छ र दीर्घकालीन सफलताका लागि अध्ययनको बानी विकास गर्न सहयोग गर्छ ।' कुपरले गृहकार्यका कारण पारिवारिक तनाव नआउने बताउँछन् । अर्को, गृहकार्यको सामग्री सोचविचारपूर्वक चयन गर्नुपर्छ । सामग्रीले विद्यार्थीको स्तर, रूचि र कक्षाकोठामा पढाइएको विषयवस्तुसँग मेल खानुपर्छ। अर्थपूर्ण, सान्दर्भिक र सिकाइएका अवधारणालाई अभ्यास गराउने खालको गृहकार्य हुनुपर्छ । एउटै प्रकारका अभ्यासले विद्यार्थीलाई दिक्क गराउन सक्छ । त्यसैले लेखन बाहेकका विभिन्न प्रकारका गतिविधिहरू, जस्तै योजना कार्य, गृहकार्यमा समावेश गर्नाले यसमा विविधता आउँछ । त्यस्तै, गृहकार्यको मात्रा विद्यार्थीको उमेर र स्तरअनुसार निर्धारण गर्नुपर्छ । कक्षा तीनसम्मका बालबालिकालाई गृहकार्य दिनु आवश्यक छैन भन्ने धारणा छ । किनभने यस उमेर समूहका बालबालिकाको सिकाइ मुख्य रूपमा खेलकुद, अन्वेषण र सिर्जनात्मक क्रियाकलापहरू मार्फत हुन्छ । गृहकार्यले उनीहरूको प्राकृतिक जिज्ञासा र सिर्जनशीलता सीमित गर्न सक्छ । स्कुलमा प्रभावकारी रूपमा गराइएका कक्षाकार्यहरू मात्रै पनि सुरूमा उल्लिखित चन्द्रकला जस्ता बालबालिकालाई पर्याप्त हुन्छ । बालबालिकाको ध्यान अवधि छोटो हुन्छ । गृहकार्यले उनीहरूमा अनावश्यक तनाव र थकान सिर्जना गर्न सक्छ जसले सिकाइ प्रतिको रूचि घटाउँछ । जुन दीर्घकालीन रूपमा हानिकारक हुन सक्छ । तर पनि अभिभावकको चाहनालाई ध्यानमा राख्दै गृहकार्य दिनैपरेमा प्राथमिक तहका विद्यार्थीलाई दसदेखि बीस मिनेट प्रतिदिन क्रियाकलापले भरिएका र अभिभावकसँग अन्तर्क्रिया गर्न सकिने खालका गृहकार्य उपयुक्त हुन्छ । अन्तिममा, विद्यार्थीलाई गृहकार्यको बोझ दिए जसरी पनि गर्छन् र कक्षामा नसकेको उपलब्धि पनि हासिल गर्न सक्छन् भन्ने तर्कलाई मिथक मात्र मानेर सिर्जनशील कार्यमा जोड गरौं ।

*-सेतोपाटी डटकम*

# सहिद सप्ताह : चौंथो दिन माथेमाको सम्झना




**पाल्पा,** माघ १३/सहिद सप्ताहको चौथो दिन आइतबार सहिद धर्मभक्त माथेमाको शालिकमा माल्यार्पण गरी सम्झना गरिएको छ । प्रजातन्त्र प्राप्तिका लागि माथेमाले अमरत्व प्राप्त गरेको स्थलमा रहेको शालिकमा पुष्पगुच्छा अर्पण गरी उनलाई स्मरण गरिएको हो ।

माथेमा जन्मिएको ठाउँ काठमाडौँको ओमबहाल र अमरत्व प्राप्त गरेको ठाउँ सिफल उकालोमा सहिद सप्ताह मूल समारोह समिति काठमाडौँ महानगरपालिकाको आयोजनामा स्मृतिसभा गरी उनलाई सम्झाना गरिएको छ । यहाँ माथेमाको पूर्णकदको शालिक प्रतिस्थापन गरिएको छ । उनको उक्त शालिकमा नै माल्यार्पण गरेर स्मरण गरिएको हो । विसं १९६६ असोज ९ गते जन्मिएका माथेमालाई तत्कालीन शासकको विरुद्धमा गतिविधि सञ्चालन गरेको आरोप लगाई विसं १९९७ माघ १३ गते काठमाडौँको सिफलमा रहेको बकाइनोको रुखमा झुण्ड्याएर प्राणदण्ड दिइएको थियो । श्रद्धाञ्जली दिन पुग्नेहरुले सहीदहरूले शासन व्यक्तिको होइन, विधिको हुनुपर्छ भनेर दिएको सन्देश ग्रहण गर्नुपर्ने जोड दिएका छन् । तत्कालीन राणा प्रधानमन्त्री जुद्धशमशेरले विसं १९९७ माघ ६ गते सहीदहरू शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गंगलाल श्रेष्ठ र दशरथ चन्दलाई मृत्युदण्ड दिने निर्णय गरेका थिए । निर्णय भएको चार दिनपछि शुक्रराज शास्त्रीलाई टेकु पचलीमा झुण्ड्याएर, सात दिनपछि धर्मभक्त माथेमालाई सिफल उकालो रूखमा झुन्ड्याएर र नौ दिनपछि दशरथ चन्द र गंगालाल श्रेष्ठलाई विष्णुमती नदी किनार शोभाभगवतीमा गोली हानी मृत्युदण्ड दिइएको थियो । पारिवारिक रुपमा प्रयोग हुँदै आएको शासकीय शक्ति जनतासम्म पुर्‍याउने क्रममा अमरत्व प्राप्त गर्ने सहीदको सम्झनामा हरेक वर्ष माघ १० देखि १६ गतेसम्म सहीद सप्ताह कार्यक्रम हुँदै आएको छ । सप्ताहव्यापी कार्यक्रम अन्तर्गत यही माघ १५ गते शोभा भगवतीमा गंगाालल श्रेष्ठ र दशरथ चन्दले अमरत्व प्राप्त गरेको स्थानमा स्मृतिसभा आयोजना हुनेछ । सहिद सप्ताहको अन्तिम दिन माघ १६ गते सहिद दिवसका दिन विभिन्न कार्यक्रमको आयोजना गरी मुलुक र जनताका लागि भएका विभिन्न अधिकारका आन्दोलनमा आफूलाई समर्पित गर्ने सम्पूर्ण सहिदको सम्झना गरिन्छ ।

## पाल्पामा १० हजार ...

**...के हो एच.भि.पि. खोप ?**
यो एक प्रकारको भाईरस हो । यसलाई ह्युमन प्यापिलोमा भाईरस भनिन्छ । पाठेघरको मुखको क्यान्सरको प्रमुख कारक तत्व यही एच.पि.भी. हो । यो भाईरसको २०० भन्दा बढी किसिमका प्रजातिहरू हुन्छन् । तीमध्ये १२ वटा प्रजाति पाठेघरको मुखको क्यान्सर गराउने कारक तत्व मानिन्छ भने यसमध्ये पनि प्रजाति १६ र प्रजाति १८ प्रमुख कारण हुन भन्ने कुरा बिभिन्न अध्ययनहरूले देखाएको छ । नेपालमा ८० प्रतिशत पाठेघरको मुखको क्यान्सर यी २ प्रजातिबाट भएको पाईन्छ । पाठेघरको मुखको क्यान्सर मुख्यगरेर एच.पि.भी. भाईरसको संक्रमणबाट हुन्छ । यो रोगबाट नेपालमा प्रत्येक दिन ४ जना महिलाको मृत्यु हुन्छ भने बिभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर महिलाको मृत्युको पहिलो कारण बनेको छ ।

**एच.पि.भी.खोपको महत्व:** खोप निशुल्क पाईन्छ । खोप सुरक्षित छ । खोपले जीवन रक्षा गर्दछ । खोप ठूलो जनसमूहलाई सुरक्षित गर्ने साधन हो । अहिले एच.पि.भी. खोप १४४ देशको राष्ट्रिय खोप तालिकामा समाबेश गरी किशोरीहरूलाई दिदैं आईरहेको छ । त्यसैले यसको प्रभावकारीता शत प्रतिसतसम्म रहेको बिभिन्न अध्ययनले देखाएको छ ।

कक्षा ६ देखि १० कक्षासम्मका छात्राहरू र बिद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई मुख्यत: विद्यालय केन्द्रित खोपकेन्द्रबाट एच.पि.भी. खोप दिईदैंछ । एच.पि.भी. खोप एक मात्रा लगाए पुग्दछ । किशोरीहरू महिनावारी भएको बेलापनि यो खोप लगाउन मिल्दछ । यसले नियमित हुने महिनावारीलाई कुनै असर गर्दैन ।

खेलकुद समाचार

## एपीएफ र न्यू डायमण्ड विजयी



**काठमाडौँ,** माघ १३/पाँचौ संस्करणको 'टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुला क्लब च्याम्पियनशिप' भलिबल प्रतियोगिता आइतबारदेखि शुरु भएको छ । पहिलो दिन महिलातर्फका खेलहरु भएका छन् । सशस्त्र प्रहरी बलको एपीएफ क्लब र न्यू डायमन्ड भलिबल क्लब विजयी भए । तेश्रो खेल भने रात परेपछि चल्दाचल्दै रोकिएको छ । पोखरा रङ्गशालाको भलिबल कोर्टमा आइतबार भएको पहिलो खेलमा एपीएफले ट्राभल इन्क्वारी युनाइटेड प्यासन भलिबल क्लब थाइल्याण्डलाई ३-२ को सेटमा हरायो । ट्राभल इन्क्वारीले पहिलो सेट २५-२१ र दोश्रो सेट २५-२० ले जित्यो । यस्तै एपीएफले तेश्रो सेट २५-१९, चौथो सेट २५-२० र पाँचौ सेट १५-७ ले जित्यो । आइतबार भएको दोश्रो खेलमा न्यू डायमन्डले पुलिसलाई ३-२ को सेटमा हरायो । पुलिसले पहिलो सेट २५-१२ र तेश्रो सेट २५-२४ ले जितेको थियो । यस्तै न्यू डायमन्डले दोश्रो सेट २३-२५, चौथो सेट २५-१८ र पाँचौं सेट १५-१० ले जित्यो । आइतबारको तेस्रो खेलमा टाइगर ग्रुप अफ पोखरा र त्रिभुवन आर्मी क्लब खेल्दा खेल्दै रात परेपछि चौथो र पाँचौ सेट भोलि हुने भएको छ । प्रतियोगितामा पुरुषतर्फ ६ र महिलातर्फ ६ गरी १२ टोली सहभागी छन् । प्रतियोगिता यही १९ गतेसम्म चल्नेछ । प्रतियोगितामा पुरुष तथा महिला दुवैतर्फको विजेताले पाँच लाख ८५ हजार पाँच सय ५५ रुपैयाँ पाउनेछन् । उपविजेतालाई समान दुई लाख ८५ हजार पाँच सय ५५ र तृतीय हुने टोलीले एक लाख ८५ हजार पाँच सय ५५ रुपैयाँ पाउनेछन् ।

अर्थ /कर्पोरेट समाचार

## नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



**पाल्पा,** माघ १३/यो सातामा कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक १० दशमलव ४१ अङ्कले घटेर दुई हजार छ सय ४३ दशमलव ९३ को बिन्दुमा कायम भएको हो ।

तीन सय १८ कम्पनीको एक करोड ५७ लाख २० हजार तीन सय ६७ कित्ता शेयर ९४ हजार आठ सय १३ पटक खरिदबिक्री हुँदा रू नौ अर्ब १२ करोड ८६ लाख ७३ हजार पाँच सय १४ बराबरको कारोबार भएको छ । विकास बैंक समूह शून्य दशमलव ५९, जलविद्युत् शून्य दशमलव ५४, लघुवित्त शून्य दशमलव ७५, म्युचुअल फण्ड शून्य दशमलव ४८ र अन्य समूह शून्य दशमलव शून्य तीन प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी वित्त समूह चार दशमलव ७६ प्रतिशतले घटेको छ । त्यस्तै, बैंकिङ शून्य दशमलव ८९, होटल तथा पर्यटन शून्य दशमलव २७, लगानी शून्य दशमलव ५०, जीवन बिमा शून्य दशमलव ६१, उत्पादन तथा प्रशोधन एक दशमलव ६६, निर्जीवन बिमा शून्य दशमलव ६७ र व्यापार समूह शून्य दशमलव ७५ प्रतिशतले घटेको छ । उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने चारवटा कम्पनीको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेड, एनआईसी एसियो डिभेञ्चर ०८२/८३, डोल्टी पावर कम्पनी लिमिटेड र जानकी फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको हो । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको रू ३९ करोड ५३ लाख ७३ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको चार लाख ११ हजार छ सय २७ कित्ता शेयर किनबेच भएको छ ।





वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस् व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई